# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८१/८२
सूचना नं.:

मितिः २०८१/१०/२३

### पशुपालन प्रयोजनका लागि संरचना सहितको जग्गा भाडामा उपलब्ध गराउने सम्बन्धी सूचना
प्रकाशन मितिः २०८१/१०/२३

यस रत्ननगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रत्ननगर, चितवनको वडा नम्बर ९ स्थित पुरानो पशु हाट बजारमा रहेको संरचना सहितको जग्गा पशुपालनका लागि भाडामा उपलब्ध गराउने भएको हुदा ईच्छुक व्यक्ति/निजी/सामुदायिक संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र निम्नानुसारका कागजातहरु अनिवार्य संलग्न गरि बढी बढाउमा न्यूनतम बार्षिक भाडा रकम रु ७८००० (अठहत्तर हजार) उपलब्ध गराउने गरि प्रस्तावना पेश गर्नुहुन सबै सरोकारवालाहरुमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै रीत नपुगी वा म्याद नाघि प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

| क्र. स. | विवरण | न्यूनतम बार्षिक भाडा रु. | कैफियत |
|---|---|---|---|
| १. | पुरानो पशु हाटबजार (संरचना सहितको जग्गा रत्ननगर ९ चितवन) | ७८००० (अठहत्तर हजार) | बढी अंक कबोलका आधारमा छनौट हुने |

**क) सर्तहरु**

(१) बार्षिक भाडा दर रु ७८००० (अठहत्तर हजार) वा वढी बढाउ अनुसार पेश हुने कबोल अंक,

(२) भाडा अवधि सम्झौता मिति २०८४ चैत्र मसान्तसम्म हुनेछ । कार्यपालिकाको निर्णयानुसार सम्झौता अवधि थप घट हुनसक्नेछ,

(३) सम्पूर्ण संरचनाको मर्मत सम्भार तथा संरक्षण सम्बर्द्धन प्रस्तावकर्ताको हुनेछ,

(४) खानेपानी तथा विजुली महशुल सम्बन्धित प्रस्तावकर्ताको हुनेछ ।

(५) अन्य सर्तहरु करार सम्झौता अनुसार हुनेछ ।

**ख) भाडामा उपलब्ध हुने पुर्वाधार र जग्गाको विवरण**

(१) गेट/कम्पाउण्ड सहितको जग्गाः १४७८.९५ वर्ग मि

(२) दुई कोठाको पक्की ढलान घरः ५५ वर्ग मि

(३) पुर्ण निर्मित गोठः १७४ वर्ग मि

(४) अपुर्ण नर्मित गोठः ९६ वर्ग फिट

**ग) पेश गर्नुपर्ने कागजातहरु**

(१) नागरिकताको प्रतिलिपि,

(२) संस्थाको हकमा दर्ता, पान र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

नोटः प्रस्ताव कर्ताले सो स्थानको अवलोकन गर्न सक्नेछ ।

सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्सः ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, Website: www.ratnanagarmun.gov.np

CamScanner